सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

## आदेश

०७५-WO-०३१२

बिषयः उत्प्रेषणयुक्त परमादेशसमेत।

नेपाल ट्रक यातायात व्यवसायी महासंघ, केन्द्रीय कार्यालयका अख्तियारप्राप्त व्यक्ति भई आफ्नो हकमा समेत ऐ.का महासचिव राजेन्द्रकुमार श्रेष्ठ-------------------१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,सिंहदरबार, काठमाडौं-------------------१

नेपाल सरकार, गृहमन्त्री, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं-------------------१

माननीय मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,सिंहदरबार,काठमाडौं------१

यातायात व्यवस्था विभाग, एकान्तकुना ललितपुर--------------------------------१ विपक्षी

जिल्ला प्रशासन कार्यालय, काठमाडौं-------------------------------------------१

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं ---------------------१

नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः

### तथ्यगत व्यहोरा

१. म निवेदक मालवाहक ढुवानी सेवामा संबद्ध यातायात व्यवसायी हुँ। मेरो ना. ५ ख ४१३४ नं. को ट्रक यातायात व्यवसायी संघ नेपाल, काठमाडौंमा रहेको र म संबद्ध निवेदक नेपाल ट्रक यातायात व्यवसायी महासंघ मिति २०५८।१।६ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा संस्था दर्ता ऐन, २०३४ बमोजिम नेपाल ट्रक व्यवसायी केन्द्रीय संघका नाउँमा ९२०।०५७।०५८ मा दर्ता भएको हो। मिति २०६९।३।२५ को निर्णयले संस्थाको नाम "नेपाल ट्रक यातायात व्यवसायी महासंघ" को नाममा राष्ट्रव्यापी साँगठानिक सञ्जाल भएको नेपाली ढुवानी यातायात व्यवसायीहरुको केन्द्रीयस्तरको छाता संगठन हो। यो अविछिन्न उत्तराधिकारवाला स्वशासित, मुनाफारहित सेवामूलक संगठित

संस्था हो। नेपाल राष्ट्रभित्र संचालित ट्रक तथा भाडामा चल्ने सवारी साधनको संरक्षण संवर्द्धन गर्दै विकास एवं विस्तार गर्नु, राष्ट्रिय अर्थ व्यवस्था दरिलो बनाई राष्ट्रको उत्थानमा सहयोग पुर्याउनु यसको मुख्य उद्देश्य रहेको छ। सो उद्देश्य प्रासिका लागि ट्रक यातायात व्यवसायीहरुको सामूहिक हितलाई ध्यान दिंदै यातायात क्षेत्रसँग सम्बन्धित ऐन, नियम, नीति, योजना मुताविक सेवा संचालन गर्ने सदस्य संस्थालाई सहयोग पुऱ्याउनु, नेपाल सरकार र यातायात व्यवसायी बीचको सम्वन्ध सुमधुर बनाई राखु, यातायात व्यवसायीलाई सेवामुखी बनाउनु,राष्ट्रिय अर्थतन्त्रको विकासमा सुधार पुरयाउनु, मालसामान ढुवानी कार्यमा सरल सुलभ तरिका अपनाई नेपाल सरकारले तोकेको भाडामा सदस्य संस्थामा सम्वद्ध व्यवसायी मार्फत ट्रक यातायात सेवा उपलव्ध गराउने समेतका यसका प्रमुख कार्यहरु हुन्। सेवामा संलग्न ट्रकहरुको देशै भरिको रोड परमिट हुने र खास रुटमा मात्र संचालन हुन नपर्ने हुँदा सिण्डिकेट, एकाधिकार जस्ता अवस्था ढुवानी सेवामा आकृष्ट हुदैनन्। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।१।४ गते बसेको बैठकको नि. नं. ९ मा "यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने" भन्ने निर्णय गरेको र मिति २०७५।३।३१ गते माननीय गृहमन्त्री, माननीय भौतिक पुर्वाधार तथा यातायात मन्त्री, दुवै मन्त्रालयका सचिवहरु र संबद्ध पदाधिकारी समेतको बैठकको छलफलको सहमति/निर्णय भन्दै नि.नं. १ मा मिति २०७५।१।४ को निर्णय बमोजिम २०७५ श्रावण १ गतेदेखि संस्था दर्ता ऐन, २०३४ र ऐ. नियमावली बमोजिम स्थापित यातायात क्षेत्रसँग संबद्ध संघ संस्था र समितिहरुको नवीकरण नहुने हुँदा ती संस्थाहरुको दर्ता खारेजी प्रक्रिया अगाडि बढाउने भन्ने उल्लेख भएको छ। त्यसैगरी नि.नं.२ मा यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्था र समितिका चल अचल लगायतका सम्पति नेपाल सरकारको मातहत रहने व्यवस्था गृह मन्त्रालयको समन्वयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने भन्ने, साथै नि.नं.५ मा हाल बाटो इजाजत प्राप्त गरी संचालनमा रहेका सवारी साधनलाई पनि अनिवार्य रुपमा कम्पनी वा फर्म वा सहकारीमा दर्ता भई यातायात व्यवस्था विभागमा पञ्जीकरण भएमा मात्र बाटो इजाजत नवीकरण गर्ने भन्ने समेतका विभिन्न ६ वटा निर्णयले महासंघ र सदस्य संस्थाहरुको नवीकरण नगरिएको र सबै संस्थाको चल-अचल सम्पति रोक्का रहेको अवस्था छ।

२. महासंघ र यसका सदस्य संस्थाहरु कानून बमोजिम चल्ने हुँदा कानून विपरीतको कार्य गर्न सक्दैनन्। सिण्डिकेटका नाउँमा निवेदक महासंघ एवं यस मातहतका संघ संस्थाहरुको दर्ता खारेजी एवं सम्पत्ति रोक्का गर्ने कार्य कानूनसम्मत छैन्। नेपालको सार्वजनिक यातायात क्षेत्रमा रहेका समस्याहरुका सम्वन्धमा यस सम्मानित अदालतमा *उपभोक्ता हित संरक्षण मञ्च नेपालले यस महासंघ समेतलाई विपक्षी बनाई दायर भएको ०७१–WO–०४४४* परमादेश निवेदनमा यातायात क्षेत्रमा सवारी साधनको प्राविधिक गुणस्तर, सार्वजनिक सवारी साधन चलाउन हुनुपर्ने सडकको न्युनतम मापदण्ड, प्रदुषणको अवस्था, रुट परमिट,

व्यवसायीहरुको यातायात संचालन विधि, प्रणाली तथा यातायतात संचालन र व्यवस्थापनसँग संबद्ध निकायको पारदर्शिता एवं जवाफदेहिता, सुरक्षा, क्षतिपूर्ति, दुर्घटनामा दायित्व निर्धारण समेतका विषयमा समस्या रहेको भनी वेथिति र अव्यवस्थाको पहिचान गरी कानूनी, नीतिगत र व्यवस्थापकीय पक्षमा गर्नुपर्ने सुधारका विषयमा समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ अन्तर्गत सरोकारवालाको समेत प्रतिनिधित्व रहने गरी एक उच्च स्तरीय आयोग गठन गर्नेतर्फ कानूनबमोजिम नीतिगत निर्णय गरी आवश्यक कार्य गर्नू गराउनू भन्ने परमादेश जारी भएकोमा सो परमादेश पालना गरी जाँचबुझ आयोग गठन गरी सुधार गर्नुपर्ने कुरामा ध्यान दिइएन। निवेदक महासंघ संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका संगठित संस्थाको यस बमोजिम नियमनकारी निकाय स्थानीय अधिकारी हो। अन्य निकाय वा विपक्षीलाई संस्थाको खारेजी, संस्थाको सम्पत्ति रोक्का गर्ने अधिकार छैन्। विपक्षीले यातायात सेवा संचालन गर्न गराउनको लागि यातायात व्यवस्थापन कार्यविधि निर्देशिका २०६०(संशोधित) को परिच्छेद २ को दफा ९.७ अन्तर्गत संचालन गर्न खोजेको यातायात सेवाको सहकारी फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र विभागमा पेश गरेमा मात्र यातायात सेवाको नाम पंजीकरण हुने सो सहकारी वा कम्पनी स्थापना हुन ५ वटा सवारीका साधन हुनुपर्ने व्यवस्था सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९३ को कानूनी व्यवस्था अनुकूल छैन्।

३. नेपाल सरकार मन्त्रिपरिषदको मिति **२०७५।१।४ गतेको निर्णय र सो निर्णयका आधारमा गृह तथा यातायात मन्त्रालयको मन्त्रीस्तरीय मिति २०७५।३।३१ गतेको निर्णय, नेपाल राष्ट्र बैंकको मिति २०७५।१।२३ को पत्र** समेत सो सम्बन्धी सम्पूर्ण कार्यहरु साथै **यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधित) को परिच्छेद २ को दफा ९.७. को व्यवस्था उत्प्रेषणको आदेशद्वारा** बदर गरी कानून बमोजिम संस्थापित निवेदक संस्था र यस मातहतका संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएका सम्पूर्ण संस्थाहरुको बैंक खाता रोक्का फुकुवा गरी संस्थाहरुको नवीकरण गरी निर्वाध संचालन हुन दिनू दिलाउनू भन्ने समेत व्यहोराको परमादेश लगायत जो चाहिने आवश्यक निर्देशनात्मक आज्ञा आदेश जारी गरी मुद्दा अन्तिम किनारा हुन समय लाग्ने भएकोले सो अवधिसम्मको लागि संस्थाहरुको कानून बमोजिम नवीकरण गरी दिनू र तत्काल रोक्का राखेका संस्थाहरुको बैंक खाता फुकुवा गरी मन्त्रिपरिषदको मिति २०७५।१।४ गतेको निर्णय र सो निर्णयका आधारमा भए गरेका सम्पूर्ण काम कारवाही एवं पत्राचार बमोजिमका कुनै पनि कार्य नगर्नू नगराउनू भनी विपक्षीहरुका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाऊँ भन्ने व्यहोराको **निवेदक राजेन्द्रप्रसाद श्रेष्ठ समेतको संयुक्त निवेदन।**

४. यसमा के कसो भएको हो? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार र कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका

म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नू भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। अन्तरिम आदेश समेतको माग गरेको सम्बन्धमा विचार गर्दा, नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५।१।४ को निर्णयको आधारमा गृह मन्त्रालय तथा यातायात मन्त्रालयको मिति २०७५।३।३१ को मन्त्रिस्तरीयको निर्णयहरु प्राकृतिक न्यायको सिद्धान्त अनुरुपको नदेखिदा सो कार्यको कार्यान्वयन मिति २०७५।६।१४ सम्मका लागि यथास्थितिमा राख्नू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। अब सो सम्बन्धमा दुवै पक्ष बीच छलफल गरी टुङ्गोमा पुग्न उपयुक्त देखिंदा सोका लागि मिति २०७५।६।१४ गते निवेदकलाई छलफलको तारेख तोकी उक्त दिन छलफलमा उपस्थित हुनु भनी विपक्षीहरुलाई समेत सूचना दिई नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७५।६।४ को आदेश।

५. यसमा निवेदक नेपाल ट्रक यातायात व्यवसायी महासंघ संस्था दर्ता ऐन, २०३४ बमोजिम विधिवत दर्ता भएको संगठित संस्था देखिएको र सो संस्थालाई संस्था दर्ता ऐन, २०३४ को दफा १२(४) अनुसारका स्थानीय अधिकारीले संस्था खारेज गर्ने गरी निर्णय गरेको अवस्था नदेखिएको सन्दर्भमा निवेदक संस्थाको सम्पत्ति तत्काल "नेपाल सरकारको मातहत रहने व्यवस्था गर्दा निवेदकलाई अपुरणीय क्षति पुग्ने देखिएको हुँदा गृह मन्त्रालयमा मिति २०७५।३।३१ मा बसेको भनिएको विवादको बैठकको निर्णयको प्रकरण २ मा उल्लेख भएबमोजिम यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्था र समितिका चल अचल लगायतका सम्पत्ति नेपाल सरकारको मातहत रहने व्यवस्था गर्नेगरी भएको निर्णय सो हदसम्म निवेदक नेपाल ट्रक यातायात व्यवसायी महासंघका हकमा कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। उल्लेखित हदसम्म बाहेक निवेदकले उठाएका अन्य कानूनी प्रश्नहरु सम्बन्धमा विवादको अन्तिम सुनुवाई हुँदाका अवस्थामा निरुपण हुने नै हुँदा अन्य कुराका सन्दर्भमा अहिले अन्तरिम आदेश जारी गरिरहनुपरेन। कानून बमोजिम गर्नू भन्ने यस अदालतको **अन्तरिम आदेश।**

६. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको पत्रसंख्या २०७४/०७५ च.नं. ५७० मिति २०७५/०१/२३ को पत्रमार्फत नेपाल ट्रक यातायात व्यवसायी महासंघ समेतको खाताहरु गृहमन्त्रीज्यूको कार्यकक्षमा माननीय भौतिक तथा यातायात मन्त्रीज्यू समेतको उपस्थितिमा सार्वजनिक सवारी सञ्चालन र सिण्डिकेट अन्त्यको सन्दर्भमा भएको छलफलको निर्णय र यातायात व्यवस्था विभागको पत्रानुसार रोक्काको लागि यस बैंकलाई अनुरोध गरेकोमा यस बैंकको पत्रसंख्या बै. वि. नि. वि/आ. प्र./ग/५५२/०७४/७५ मिति २०७५।०१।२३ को पत्रमार्फत इजाजतपत्र प्राप्त सबै

बैंक तथा वित्तीय संस्थाहरुलाई सर्कुलर गरी विपक्षी निवेदक लगायतका संस्थाहरुको खाता रोक्का गर्न पत्राचार गरेको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११० बमोजिम यस बैंकले निजको खाता रोक्का गर्न सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशन दिएको हो। वित्तीय क्षेत्रको नियामक निकायको हैसियतले यस बैंकलाई नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, विदेशी विनिमय नियमित गर्ने ऐन, सम्पत्ति शुद्धिकरण निवारण ऐन, लगायतका कानूनहरुले विभिन्न उतरदायित्व निर्धारण गरेका छन। आफ्नो कानूनी उतरदायित्व निर्वाह गर्ने क्रममा यस बैंकले विभिन्न निर्देशन, परिपत्र तथा सूचना जारी गर्ने गर्दछ। यसै सन्दर्भमा नेपाल सरकार, अर्थ मन्त्रालयको पत्रको आधारमा खाता रोक्का गर्न दिएको निर्देशनलाई अन्यथा भन्न मिल्ने अवस्था नरहेकाले सोको आधारमा सिर्जित परिणामले कसैको हक अधिकारमा आघात नपरेको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाऊँ भन्ने व्यहोराको **नेपाल राष्ट्र बैंकको लिखितजवाफ।**

७. संस्था दर्ता ऐन, २०३४ बमोजिम स्थापना भएका यातायात समितिहरु यातायात कम्पनीमा दर्ता भई यातायात विभागमा पञ्जीकरण हुनुपर्ने र पञ्जीकरण भएपछि उक्त यातायात कम्पनीहरु मिली संघ संस्था खोल्न पाउने अधिकार कटौती हुने होइन। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले प्रत्यायोजित व्यवस्थापनको सिद्धान्त अनुसार व्यवस्थापिकाले कार्यपालिकालाई नियम बनाई व्यवस्थित गर्ने अधिकार दिइएको छ। सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ को व्यवस्थाको विपरीत नहुने गरी यातायात व्यवस्था विभागले सवारी तथा यातायात व्यवस्था संचालनको सन्दर्भमा आवश्यकता अनुसार निर्देशिका बनाई लागू गर्नसक्ने कानूनी व्यवस्था रहेको छ। विधायिकाबाट प्रत्यायोजित अधिकार (Delegated Legislation) को सिद्धान्त तथा कानूनी व्यवस्थाको अधीनमा रही यातायात व्यवस्था विभागले यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० को परिच्छेद २ को दफा ९.७ को सार्वजनिक यातायात सेवा पञ्जिकृत गर्न उद्योग दर्ताको प्रमाणपत्र निवेदनसाथ राख्नु पर्ने व्यवस्था गरिएको हो। यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० मा संशोधन गरी पेश गर्नु पर्ने कागजात थप गरिएको हो। नेपालको संविधानले प्रत्याभुत गरेको संघ संस्था खोल्ने स्वतन्त्रता पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताबाट बन्चित नगरिएको र सार्वजनिक यातायातको सञ्चालन गरी सेवाग्राहीबाट भाडा असूल गरिने र त्यस्तो भाडा दर समय समयमा बृद्धि समेत गरिने हुँदा यातायात व्यवसाय एक किसिमले नाफामूलक व्यवसाय नै भएकोले सबै व्यवसाय कम्पनी, उद्योगमा दर्ता गरी संचालन गर्दा रिट निवेदकहरुको कुनै पनि कानूनी तथा नाफामूलक संवैधानिक हक अधिकारको हनन् भएको नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने व्यहोराको नेपाल सरकार, **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको** तर्फबाट ऐ. मन्त्रालयको माननीय मन्त्री रघुवीर महासेठको लिखित जवाफ।

८. यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने विषयको गृह मन्त्रालयको नं.८/१६७-०७४।१२।[illegible] को प्रस्ताव मं.प.बै.सं.१।०७५ मिति २०७५।१।४ को मन्त्रिपरिषद् बैठकबाट संस्था दर्ता ऐन, २०३४ र नियमावली २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता तथा नवीकरण हुँदै आएका यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरुको दर्ता तथा नवीकरण जिल्ला प्रशासन कार्यालयबाट नगर्ने, नगराउने भन्ने निर्णय गरेको हो। कुनै व्यवसाय वा उद्यमलाई के कस्तो सेवा वा उद्योगको रुपमा वर्गीकरण गर्ने वा के कसरी नियमन गर्ने भन्ने विषय व्यवसाय वा उद्यमको प्रकृतिको आधारमा नेपाल सरकारले नीतिगत रुपमा निर्धारण गर्ने विषय हो। यातायात क्षेत्रमा रहेका अव्यवस्थाका कारण आम नागरिकमा पर्न गएको असुविधालाई सम्बोधन गर्न तथा यातायात व्यवसायलाई व्यवस्थित गर्ने उद्देश्यले उक्त निर्णय भएको हो। **निवेदक संस्था संस्था दर्ता ऐन, २०३४ बमोजिम स्थापना भएको र सो ऐनको दफा ११ मा** नेपाल सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ भन्ने कानूनी व्यवस्थाको अधीनमा रही भएको निर्णयले यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरुको दर्ता तथा नवीकरणको विषयसँग सम्बन्धित भएको हुँदा निवेदकको हक उल्लङ्घन भएको मान्न मिल्दैन। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले दिएको अधिकार प्रयोग गरी जारी भएको सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ मा ऐन तथा नियमावलीमा उल्लिखित व्यवस्थाको विपरीत नहुने गरी यातायात व्यवस्था विभागले सवारी तथा यातायात व्यवस्था संचालनको सन्दर्भमा आवश्यकता अनुसार निर्देशिकाहरु बनाई लागू गर्न सक्ने कानूनी व्यवस्था रहेबमोजिम सम्बन्धित निकायले जारी गरेको यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० मा सोही निकायबाट गरिएको आवश्यक संशोधनको विषयलाई अन्यथा भन्न मिल्ने पनि हुँदैन। यातायात क्षेत्र व्यवस्थित गर्ने विषय व्यवसायी र सरकारको मात्र चासोको विषय नभई आम नागरिकको चासो र सरोकारको विषय बनेको सन्दर्भमा प्रतिष्पर्धासँग सम्बन्धित प्रचलित कानूनका आधारमा यातायात क्षेत्रलाई व्यवस्थित गर्ने गरी भएको निर्णयलाई अन्यथा अर्थ गरी दायर रिट निवेदन खारेज गरी पाऊँ भन्ने व्यहोराको **नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका तर्फबाट ऐ.का सचिव लक्ष्मणप्रसाद मैनारलीको लिखितजवाफ।**

९. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७५/१/४ को निर्णयानुसार मिति २०७५/३/३१ मा गृह मन्त्रालयबाट परिपत्र भएबमोजिम २०७५/४/१ गतेदेखि यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्था समितिहरुको चलअचल सम्पति तथा नवीकरण सूचना जारी गरी रोक्का राखिएकोमा गृह मन्त्रालयकै पछिल्लो निर्देशन एवं पत्रअनुसार उल्लेखित संघ संस्था समितिको अनिवार्य खर्च दायित्व भुक्तानी गर्न दावी भएमा बैंक खाता फुकुवा गरी दिनु भनी लेखी आएअनुसार माग दावी गर्न आएका संघ संस्था समितिहरुको अनिवार्य खर्च दायित्व

समेत भुक्तानी भइसकेको हुँदा यस कार्यालयको हकमा दायर भएको रिट निवेदन खारेज गरी पाऊँ भन्ने व्यहोराको **जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखितजवाफ।**

१०. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९३ मा यातायात सेवाको नाम विभागमा पञ्जीकृत नगरी सवारीधनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्न हुँदैन भन्ने व्यवस्था रहेको छ। ऐ.ऐ. को उपदफा (२) मा यातायात सेवाको नाम विभागमा पञ्जीकृत गर्न चाहने सवारीधनी वा व्यवस्थापकले त्यस्तो सेवा पञ्जीकरणको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समितिमा संलग्न राखी विभागसमक्ष दरखास्त दिने व्यवस्था छ। सर्वसाधारण जनताको हित तथा सुविधालाई ध्यानमा राखी यातायात क्षेत्रमा रहेको समस्यालाई सामूहिक रुपमा संबोधन गर्ने उद्देश्यले गृह मन्त्रालयले सम्बन्धित निकायहरुसँग समन्वय गरी छलफल अघि बढाएको सम्म हो। संस्था दर्ता ऐन, २०३४ र ऐ. नियमावली, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता तथा नवीकरण हुँदै आएका यातायात क्षेत्रसँग सम्बन्धित संस्थाहरुलाई नेपाल सरकार म.प. को निर्णय बमोजिम तथा विद्यमान परिस्थितिलाई मध्यनजर गरी सार्वजनिक हित र भलाईका लागि संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने तथा सार्वजनिक यातायात सेवालाई प्रभावकारी बनाउनका लागि लिइएको कदमलाई विपक्षीले अन्यथा भन्न मिल्ने होइन। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/१/४ गतेको निर्णयबाट यातायात क्षेत्रमा रहेको सिण्डिकेट अन्त्य भइसकेको वर्तमान अवस्थामा सोही निर्णय बमोजिम सम्वत् २०७५ श्रावण १ गते देखि संस्था दर्ता ऐन, २०३४ र ऐ. अन्तर्गतको नियमावली, २०३४ बमोजिम स्थापित यातायात क्षेत्रसँग सम्बद्ध संघ, संस्था र समितिहरुको नवीकरण नहुने हुँदा ती संस्थाहरुको दर्ता खारेजी प्रक्रिया अघि बढाउने, यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्था र समितिका चलअचल लगायतका सम्पत्ति नेपाल सरकारको मातहत रहने व्यवस्था गृह मन्त्रालयसँगको समन्वयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने भन्ने निर्णयबमोजिम सम्बन्धित निकायबाट कार्य अघि बढाइएको हो। सिण्डिकेट प्रणालीको अन्त्यसँगै सार्वजनिक यातायात व्यवस्थालाई जनअपेक्षा बमोजिम सहज तुल्याउन बसपार्क व्यवस्थापन, ई-टिकेटिङ्ग, डिजिटल डायलिङ प्रणाली, रुट अध्ययन, दुर्घटना बिमा लगायतका विषयमा सम्बन्धित सरकारी निकायसँग समन्वय गरी यातायात व्यवस्था विभागले यथाशिघ्र आवश्यक व्यवस्था मिलाउने र हाल बाटो इजाजत (Route Permit) प्राप्त गरी सञ्चालनमा रहेका सवारी साधनलाई पनि अनिवार्य रुपमा कम्पनी वा फर्म वा सहकारीमा दर्ता भई यातायात व्यवस्था विभागमा पञ्जीकरण भएमा मात्र बाटो इजाजत (Route Permit) नवीकरण गर्ने व्यवस्थाको कार्यान्वयन गर्न गृह मन्त्रालय, उद्योग मन्त्रालय तथा सहकारी विभागसँग समन्वय गरी यातायात व्यवस्था विभागका सबै कार्यालयहरुबाट पञ्जीकरण हुने व्यवस्था मिलाउने, यस प्रयोजनको लागि अतिरिक्त जनशक्ति टोली जिल्ला- जिल्लामा खटाउने र अनलाइन पञ्जीकरणको व्यवस्था समेत गरी

सम्वत् २०७५ मंसिर मसान्तभित्रमा कार्य सम्पन्न गर्ने गरी मिति २०७५/३/३१ गते माननीय गृह मन्त्री ज्यूको संयोजकत्वमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको विशेष उपस्थितिमा निर्णय भएको हुँदा वस्तुनिष्ठ आधार र कारण बिना प्रत्यर्थी मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट ऐ.का सचिव प्रेमकुमार राईको लिखितजवाफ।

११. विपक्षीमध्ये यातायात व्यवस्था विभागले मिति २०७५।६।१० मा रितपूर्वकको म्याद बुझी कानूनका म्यादभित्र लिखित जवाफ नफिराई शुरू म्यादै गुजारी बसेको देखियो।

१२. यसमा निवेदक नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका अ.प्रा. शम्भुप्रसाद अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको आज यसै इजलाससमक्ष पेश भएको ०७५-WO-०१८२ को उत्प्रेषण परमादेश समेतको रिट निवेदन र प्रस्तुत रिट निवेदनको विषयवस्तु समान प्रकृतिको देखिँदा उक्त रिट निवेदन प्रस्तुत रिट निवेदनसँग साथै राखी नियमानुसार पेश गर्नू भन्ने यस अदालतको आदेश।

## यस अदालतको आदेश

१३. नियमबमोजिम पेसी सूचीमा चढी इजलासमा पेश हुन आएको प्रस्तुत रिट निवेदनको निवेदन पत्र समेतको सम्पूर्ण मिसिल अध्ययन गरियो।

१४. रिट निवेदकको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता द्वय श्री हरिहर दाहाल, श्री रमणकुमार श्रेष्ठ र विद्वान अधिवक्ता श्री बालकृष्ण देवकोटाले यी रिट निवेदक ट्रक व्यवसायमा आवद्ध रही नेपाल ट्रक व्यवसायी राष्ट्रिय महासंघ नामक संस्था संस्था दर्ता ऐन, २०३४ अन्तर्गत संस्थाको रूपमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता रहेको छ। संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता रहेको निवेदक महासंघले विद्यमान कानूनको परिपालना गर्दै महासंघमा आवद्ध रहेका व्यवसायीहरूले देशभरी नै सेवा पुऱ्याउदै आइरहेका छन्। त्यसरी सेवा पुऱ्याउदा प्रतिस्पर्धाका आधारमा सेवा दिने हुँदा एकाधिकारको अवस्था रहदैन। निवेदक महासंघ संस्था दर्ता ऐन २०३४ का प्रावधान अन्तर्गत दर्ता रही सञ्चालन हुदै सेवा सञ्चालन गरिरहेकोमा नेपाल सरकार मन्त्रिपरिषदले मिति २०७५।१।४ मा यातायात क्षेत्रमा रहेका समिति खारेज गरी नवीकरण नगर्ने र कम्पनीमा दर्ता गर्न निर्देशन दिने निर्णय भएको र सोही निर्णयको आधारमा यातायात सम्बद्ध संस्थाको नवीकरण भएको छैन। संस्थाको नियमनकारी निकाय स्थानीय अधिकारीको हो। नियमनकारी निकायबाहेक अन्य निकाय वा अधिकारीलाई संस्था खारेज गर्ने, संस्थाको सम्पत्ति रोक्का गर्ने अधिकार रहेको छैन्। कानूनद्वारा नै नियमनको अधिकार स्थानीय अधिकारीमा रहेकोमा सो अधिकार मन्त्रिपरिषद आफैंले प्रयोग गरी कानून वर्खिलाप निर्णय गरेको छ। मन्त्रिपरिषद्को उक्त निर्णयले निवेदकको पेशागत व्यवसायको हकमा आघात पुऱ्याएको अवस्था छ। निवेदक ट्रक व्यवसायीहरूले कानून बमोजिम व्यवसाय सञ्चालन गरी आएको अवस्थामा संस्थाको

नवीकरण नगर्ने र कम्पनीमा मात्र दर्ता हुने भनी भएको निर्णय संविधान र कानून विपरीत हुँदा मन्त्रिपरिषदले मिति २०७५।१।४ मा गरेको निर्णय र सो सम्बन्धी कामकारवाही तथा पत्राचार समेत उत्प्रेषणको आदेशले बदर हुनुपर्छ भनी बहस जिकिर गर्नुभयो।

१५. त्यसैगरी विपक्षी नेपाल सरकार समेतको तर्फबाट विद्वान सहन्यायाधिवक्ता श्री गोविन्द खनालले मन्त्रिपरिषदबाट भएको मिति २०७५।१।४ को निर्णयले रिट निवेदकको पेशागत हक तथा अन्य कुनै हकमा असर परेको अवस्था छैन। संस्था दर्ता ऐन अन्तर्गत दर्ता रहेका यातायात क्षेत्रका सवारीहरूलाई कम्पनीमा दर्ता हुने गरी निर्णय भएको हो। संस्थामा आवद्ध रहेका धेरै सवारीहरू कम्पनीमा दर्ता भैसकेका छन्। यातायात क्षेत्रका सरोकारवालाहरू समेत कम्पनीको रूपमा जान समेत सहमत भैसकेको अवस्था छ। अन्तरिम समयाका लागि रोक्का रहेका सम्पत्ति फुकुवा भैसकेको अवस्था छ। मन्त्रिपरिषद्को निर्णयबाट नेपालको यातायात क्षेत्रलाई व्यवस्थित बनाउन खोजिएको मात्र हो। निवेदकहरूको कुनै पनि संवैधानिक तथा कानूनी अधिकार हनन नभएको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नु भयो।

१६. साथै विपक्षी नेपाल राष्ट्र बैंकको तर्फबाट विद्वान अधिवक्ता श्री नम्रता ढुंगानाले यस बैंकले सरकारको नीतिगत निर्णय, परिपत्र/निर्देशन परिपालना गर्नुपर्ने हुन्छ। सोही क्रममा परिपत्रको पालना गर्ने सिलसिलामा मन्त्री परिषद्को निर्णयबमोजिम यातायात क्षेत्रका लागि भएको निर्णयबमोजिम प्राप्त निर्देशन बमोजिम यस बैकबाट रिट निवेदकको बैंक खाता रोक्का गर्नका लागि सम्बन्धित बैंकमा परिपत्र गरिएको सम्म हो। सो कार्यले रिट निवेदकहरूको हक हनन भएको अवस्था छैन। यस बैंकलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज हुनुपर्छ भनी बहस जिकिर गर्नु भयो।

१७. उल्लिखित बहस समेत सुनी निर्णयतर्फ विचार गर्दा निम्नलिखित प्रश्नहरूमा केन्द्रित रही निर्णय दिनु पर्ने देखियो।

क. नेपाल ट्रक यातायात व्यवसायी महासंघ कस्तो प्रकृतिको संस्था हो?

ख. कुनै संघ संस्थाले सिण्डिकेट गरी यातायात व्यवसाय सञ्चालन गर्न मिल्छ, मिल्दैन? कुनै संस्था वा प्रतिष्ठानले चक्र प्रणाली (Syndicate) लागू गरेमा के कस्तो कारवाही हुन सक्छ?

ग. नेपाल ट्रक यातायात व्यवसायी महासंघले विधानमा उल्लिखित उद्देश्य भन्दा बाहिर गई काम गरेमा के कस्तो कारवाही हुन सक्छ?

घ. संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको संस्थाको दर्ता खारेज र संस्थाको चल अचल सम्पत्ति जफत गर्ने कार्य नेपाल सरकारको निर्णयबाट हुन सक्छ वा सक्दैन?

ङ. निवेदन माग बमोजिमको आदेश जारी हुने हो वा होइन?

१८. प्रथमतः नेपाल ट्रक यातायात व्यवसायी महासंघ के कस्तो प्रकृतिको संस्था हो भन्ने सम्बन्धमा छलफल गर्नु उपयुक्त हुने देखियो। नेपाल ट्रक यातायात व्यवसायी महासंघ

मिति २०५८।१।६ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा संस्था दर्ता ऐन, २०३४ बमोजिम नेपाल ट्रक व्यवसायी केन्द्रीय संघको नाउँमा १२०।०५७।०५८ मा दर्ता भई मिति २०६९।३।२५ को निर्णयले यस संस्थाको नाम "नेपाल ट्रक यातायात व्यवसायी महासंघ" को नाम रहन भएको भन्ने निवेदन व्यहोरा एवं मिसिल संलग्न कागजातबाट देखिन्छ। नेपाल ट्रक यातायात व्यवसायी महासंघ(यसपछि "महासंघ" भनिने छ) नेपाली ढुवानी यातायात व्यवसायीको केन्द्रीयस्तरको छाता संगठनको रूपमा रहेको देखिन्छ। नेपालभित्र संचालित ट्रक तथा भाडामा चल्ने ढुवानीका सवारी साधनको हक हितको संरक्षण संबद्धन गर्दै विकास एवं विस्तार गर्नु यसको प्रमुख उद्देश्य रहेको देखिन्छ। त्यसैगरी सेवा संचालन गर्ने सदस्य संस्थालाई सहयोग पुऱ्याउनु, ट्रक यातायात व्यवसायीलाई सेवामुखी बनाउनु, मालसामान ढुवानी सेवा उपलव्ध गराउने समेत यसका अन्य उद्देश्यको रूपमा रहेको भन्ने रिट निवेदन व्यहोरा एवं मिसिल संलग्न कागजातबाट देखिन्छ।

१९. महासंघ अविछिन्न उत्तराधिकारवाला स्वशासित, मुनाफारहित सेवामूलक संगठित संस्था रहेको भन्ने निवेदन जिकिर रहेकोले संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भएको संस्थाको विशेषता के कस्तो हुने भन्ने सम्बन्धमा विवेचना गर्नु पर्ने देखियो। संस्था दर्ता ऐन, २०३४ को दफा ४ बमोजिमको संस्थाको दर्ता गर्ने अधिकार स्थानीय अधिकारीलाई दिएको देखिन्छ। संस्था दर्ता ऐन, २०३४ मा स्थानीय अधिकारी भन्नाले **"नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएकोमा प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ"** भनी दफा २(ख) मा परिभाषा गरेको देखिन्छ। उल्लेखित परिभाषित वाक्यांश बमोजिम नेपाल सरकारले हालसम्म स्थानीय अधिकारी तोकेको नपाइएकोले स्थानीय अधिकारीको अधिकार प्रमुख जिल्ला अधिकारीले नै प्रयोग गर्दै आएको पाइन्छ। साथै संस्था दर्ता नियमावली २०३४ को नियम ४ मा संस्था दर्ताको प्रमाणपत्र दिने व्यवस्था रहेको छ र नियम ५ को उपनियम (१) संस्था दर्ताको प्रमाणपत्र एक आर्थिक बर्षसम्म वहाल रहने भन्ने व्यबस्था रहेको छ। त्यसैगरी संस्था दर्ता ऐन, २०३४ को दफा ५ को उपदफा (१) मा **"यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।"** भन्ने, उपदफा (२) मा **"संस्थाले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ।"** भन्ने र उपदफा (३) मा **"संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ।"** भन्ने व्यबस्था रहेको छ।

२०. साथै संस्था दर्ता ऐन, २०३४ दफा ९ मा प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारीकहाँ पठाउनु पर्ने व्यबस्था गरेको छ। सो ऐनको दफा १२ को उपदफा (४) मा **"दफा ८ बमोजिम**

स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ।" भन्ने व्यवस्था रहेको छ। सो ऐनको दफा १४ मा संस्थाको विघटन र सोको परिणाम सम्बन्धी व्यवस्था रहेको छ। सो दफा १४ को उपदफा (१) मा संस्थाले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा अन्य कुनै कारणवश संस्था विघटन हुने भन्ने व्यवस्था रहेको छ। तसर्थ संस्था दर्ता ऐन २०३४ ले सो ऐन बमोजिम दर्ता हुने संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था अर्थात छुट्टै कानूनी व्यक्ति हुने, संस्थाको दर्ता र खारेजी के-कसरी हुने भन्ने समेतको प्रष्ट व्यवस्था गरेको छ।

२१. उल्लिखित व्यवस्थालाई प्रस्तुत मुद्दाको तथ्यसँग विश्लेषण गर्दा संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भई सञ्चालनमा रहेको 'महासंघ' अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था अर्थात छुट्टै कानूनी व्यक्ति (Legal Personality) को रूपमा रही व्यक्ति सरह सम्पत्तिको प्राप्ति, उपभोग, बेचबिखन समेत गर्न पाउने रहेको छ। त्यसैगरी महासंघले व्यक्ति सरह नालिस उजुर गर्न सक्ने र यसको सबै कामको निमित्त एउटा छुट्टै छाप हुने भन्ने रहेको छ। महासंघको हरेक आर्थिक बर्षमा प्रमुख जिल्ला अधिकारीबाट नवीकरण गराउनु पर्ने रहेको छ। स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालना नगरेमा प्रमुख जिल्ला अधिकारीले महासंघको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्ने देखिन आयो। साथै आफ्नो विधान बमोजिम कार्य गर्न नसकेमा प्रमुख जिल्ला अधिकारी द्वारा महासंघको दर्ता खारेजी वा विघटन हुने भन्ने देखिन आयो। Paul L. Davies & L.C. B. Grover द्वारा लिखित "Principle of Modern Company Law" भन्ने किताबमा भनेका छन् कम्पनी एउटा यस्तो कानूनी व्यक्ति हो जहाँ "Members may come and go but the company can go on forever. During the war all the members of one private company, while in general meeting killed by a bomb but the company survived- not even a hydrogen bomb could have destroyed it." अर्थात कानूनी व्यक्ति अविच्छिन्न रहन्छ, सदस्य भन्दा फरक हुन्छ। यसलाई कानूनले सिर्जना गरेको र अन्त्य पनि कानूनद्वारा मात्र हुन सक्दछ। त्यस्तै संस्था दर्ता ऐन अन्तर्गत दर्ता हुने संस्था पनि कानूनले नै सिर्जना गर्दछ/जन्म दिन्छ र कानूनले नै अन्त्य गर्न सक्दछ/कानूनले नै विघटन गर्दछ। कानून विपरित विघटन हुन सक्ने देखिँदैन।

२२. **अब, कुनै संघ-संस्थाले सिण्डिकेट गरी कुनै यातायात व्यवसाय सञ्चालन गर्न मिल्छ, मिल्दैन** भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखियो। विवादको मन्त्रिपरिषद्को निर्णयले निवेदक ट्रक

यातायात व्यवसायी महासंघ दर्ता र नवीकरण गरी खारेज गर्ने र यातायात क्षेत्रमा रहेका सबै समितिलाई कम्पनी उद्योगमा दर्ता गर्ने निर्णय यातायात क्षेत्रमा रहेका सिण्डिकेटको अन्त्य गरी प्रतिस्पर्धा कायम भई सेवाग्राहीलाई गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले सो निर्णय भएकोले निर्णय कानूनसम्मत रहेको भन्ने विपक्षी यातायात मन्त्रालय समेतको लिखित जवाफमा दावी लिएको देखिन्छ। त्यसैगरी नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७५।१।४ र सो निर्णयको आधारमा गृह मन्त्री र भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको मन्त्रीस्तरीय मिति २०७५।३।३१ को बैठकको निर्णयले यातायात क्षेत्रमा पेश भएको सुधार प्रतिवेदन बमोजिम यस क्षेत्रमा रहेको एकल सेवा प्रणालीलाई अन्त्य गर्न समितिको नवीकरण नगरिएको र समिति खारेज गरिएको भन्ने समेत लिखित जवाफमा उल्लेख भएको देखिन्छ।

२३. प्रसिद्ध अमेरिकी विधिशास्त्री Bryan A. Garner ले आफ्नो "American Jurisprudence" भन्ने पुस्तक मा "A cartel is an association by agreement of companies or sections of companies having common interests, designed to prevent extreme or unfair competition and to allocate markets..."[1] भनी उल्लेख भएको देखिन्छ। त्यसैगरी भारतको सर्वोच्च अदालतले Union of India and Others vs Hindustan Development Corporation and Others,[2] (15 April, 1993) मा "The cartel is an association of producers who by agreement among themselves attempt to control production, sale and prices of the product to obtain a monopoly in any particular industry or commodity and it amounts to an unfair trade practice which is not in the public interest." अर्थात कार्टेल उत्पादकहरूको एक संघ हो जसले सम्झौताद्वारा वस्तु वा सेवाको उत्पादन, बिक्री र वस्तु वा सेवाको मूल्यलाई नियन्त्रण गर्ने प्रयास गर्छन्, ताकि कुनै विशेष उद्योग वा वस्तुमा एकाधिकार प्राप्त गर्न सकियोस्। साथै यसले सार्वजनिक हितको विपरीत हुने अस्वस्थ व्यापारिक अभ्यासलाई जनाउँछ भनी व्याख्या गरेको पाइन्छ। साथै भारतीय सर्वोच्च अदालतले Competition Commission of India Vs Steel Authority of India & Others[3] मा " Most of the countries in the world have enacted competition laws to protect their free market economies -an economic system in which the allocation of resources is determined solely by the supply and demand. The rationale of free market economy is that the competitive offers of different suppliers allow the buyers to make the best purchase. The motivation of each participant in a free market economy is to maximize self-interest but the result is favorable to the society" अर्थात "विश्वका अधिकांश मुलुकले वस्तु वा सेवाको वितरण आपूर्ति र मागद्वारा मात्रै निर्धारण गर्ने स्वतन्त्र बजार अर्थतन्त्रलाई सुरक्षा गर्न प्रतिस्पर्धा कानूनहरू लागू गरेका छन्। विभिन्न आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक प्रस्तावको आधारमा खरिदकर्तालाई वस्तु वा सेवाको छनौटको अवसर प्राप्त भई सबैभन्दा

[1] Bryan A. Garner, American Jurisprudence, 2nd Edition, Vol. 54, page 677
[2] Union Of India And Ors vs Hindustan Development Corpn. And Ors[2] on 15 April, 1993
[3] Competition Commission of India Vs Steel Authority of India & Anr, 2010

राम्रो वस्तु वा सेवा खरीद गर्न पाउने अवसर प्रदान गर्नु स्वतन्त्र बजार अर्थतन्त्रको उद्देश्य हो। स्वतन्त्र बजार अर्थतन्त्रमा प्रत्येक सहभागीको प्रेरणा आत्म-स्वार्थलाई अधिकतम गर्ने भन्ने हो, तर यसको परिणाम समाजको लागि लाभकारी हुन्छ" भनी व्याख्या भएको पाइन्छ।

२४. उल्लिखित सिद्धान्त तथा अदालतको व्याख्या समेतको आधारमा सिण्डिकेटलाई समान स्वार्थका लागि गठित व्यापारिक प्रतिष्ठानहरूको संगठन, वा कुनै कामको लागि संगठित व्यक्तिहरूको समूहको रूपमा बुझ्न सकिन्छ । बजारमा कुनै पनि सेवा वा वस्तुको उत्पादन वा वितरणमा सेवाको प्रतिस्पर्धाको अभाव हुनुलाई सिण्डिकेट मानिन्छ। कुनै एउटा वस्तु वा सेवाको उत्पादन एवं वितरणको एकाधिकार कायम हुनु सिण्डिकेट हो। सिण्डिकेट र कार्टेललाई समान अर्थमा लिने गरिए तापनि यी दुईमा केही सुक्ष्म भिन्नता रहेको पाइन्छ। सिण्डिकेट व्यक्ति वा संस्थाको समूहलाई जनाउँछ जसले कुनै विशेष व्यवसाय वा वित्तीय कारोबारमा ठूलो शक्ति, प्रभाव, वा नाफा प्राप्त गर्ने उद्देश्यले एकसाथ काम गर्छन्। सिण्डिकेटमा विभिन्न क्षेत्रका व्यवसायी वा संस्था सामेल हुन सक्छन् जसले साझा उद्देश्य प्राप्तिको लागि मिलेर काम गर्दछन्। त्यसैगरी कार्टेल स्वतन्त्र कम्पनी वा उत्पादकको समूह हो, जसले कुनै विशेष उत्पादन वा सेवाको आपूर्ति, मूल्य निर्धारण, र वितरणलाई नियन्त्रण गर्न एकसाथ मिलेर काम गर्छन्। कार्टेलको मुख्य उद्देश्य बजारमा आफ्नो प्रभुत्व स्थापना गर्नु र प्रतिस्पर्धा कम गर्नु भन्ने रहेको हुन्छ। संक्षेपमा, सिण्डिकेटमा वित्तीय वा व्यवसायिक स्वार्थको लागि बजारमा एकाधिकार कायम गर्ने उद्देश्यले विभिन्न व्यवसायी वा संस्था एकसाथ मिल्छन् भने कार्टेलमा वस्तु वा सेवाको उत्पादन वा वितरणमा बजारमा एकाधिकार कायम राख्नका लागि विभिन्न व्यवसायी वा संस्थाले सहकार्य गर्छन्। शाब्दिक रूपमा सिण्डिकेट र कार्टेलबिच केहि भिन्नता रहेको देखिए तापनि कार्यात्मक रूपमा सिण्डिकेट र कार्टेलले बजारमा सेवा वा वस्तुको उत्पादन वा वितरणमा प्रतिस्पर्धाको अन्त्य गरी त्यस्ता वस्तु वा सेवाको उत्पादन वा वितरणमा एकाधिकार कायम गर्ने उद्देश्य लिएको पाइन्छ। **वस्तुतः सिण्डिकेट र कार्टेलले वस्तु वा सेवा खरिद गर्दा स्वतन्त्र रूपमा छनौट गर्न पाउने खरिदकर्ता वा उपभोक्ताको हकलाई आघात पुर्याउछ। नेपाल सरकारले पनि यातायात व्यवसायमा रहेको सिण्डिकेटलाई रोक्नको निमित्त नै उपरोक्त निर्णय गरेको देखिन्छ।**

२५. कुनै संघ संस्थाले सिण्डिकेट गरी कुनै पनि यातायात व्यवसाय सञ्चालन गर्न मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा विचार गर्दा, प्रथमतः सोसँग सम्बन्धित कानूनी व्यबस्थाको अवलोकन गर्नु सान्दर्भिक देखिन्छ। वस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानबीच स्वच्छ प्रतिस्पर्धा कायम गराउन, बजारलाई अवाञ्छित रुपमा हस्तक्षेप हुनबाट संरक्षण प्रदान गर्न, एकाधिकार तथा नियन्त्रित व्यापारिक अभ्यासलाई नियन्त्रण गर्न, प्रतिस्पर्धी मूल्यमा वस्तु वा सेवा उपभोक्तासमक्ष पुर्याउने काममा प्रोत्साहन गर्ने समेतको

उद्देश्य उपभोक्ता संरक्षण ऐन, २०७५ ले लिएको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १७ उपदफा (१) मा **"कसैले कुनै वस्तुको उत्पादन, पैठारी, ढुवानी, संचय वा बिक्री वितरणमा लागेको लागत र तोकिए बमोजिमभन्दा बढी मुनाफा लिई बिक्री वितरण वा ढुवान वा बिक्री वितरणमा अवरोध गर्नु हुदैन्।"** भन्ने व्यवस्था छ। सोही ऐनको दफा १८ को खण्ड (ङ) मा **"एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एकभन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलेमतोबाट चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा सञ्चालन गर्न नहुने"** भन्ने व्यवस्था रहेको छ। सो ऐनको दफा ३८ को खण्ड (झ) ले उल्लिखित दफा १८ को खण्ड (ङ) को कार्यलाई कसूरको रूपमा परिभाषित गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ मा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न नहुने, कसैले कुनै वस्तुको उत्पादन, पैठारी, ढुवानी, सञ्चय वा बिक्री वितरणमा लागेको लागत र तोकिए बमोजिमभन्दा बढी मुनाफा लिई बिक्री वितरण वा ढुवानी वा बिक्री वितरणमा अवरोध गर्नु नहुने, एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एकभन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलेमतोबाट चक्र प्रणाली (Syndicate), कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा सञ्चालन गर्न वा गराउनु नहुने भन्ने व्यवस्था रहेको छ।

२६. त्यसैगरी, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३ को दफा ३ ले प्रतिस्पर्धा विरुद्धको सम्झौता गर्न नहुने भन्ने व्यवस्था गरेको छ। उपदफा (१) मा **"कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै व्यक्ति वा प्रतिष्ठानले प्रतिस्पर्धा सीमित वा नियन्त्रण गर्ने उद्देश्यले त्यस्तै किसिमको वस्तु वा सेवा उत्पादन गर्ने अन्य कुनै व्यक्ति वा प्रतिष्ठानसँग एक्लै वा सामूहिक रुपमा देहायको कुनै सम्झौता गर्न वा गराउन हुँदैन"** भन्ने व्यवस्था गरेको छ। सो दफामा देहाय (क) देखि (ट) सम्म बजार प्रतिस्पर्धालाई सिमित र नियन्त्रित गर्ने विभिन्न क्रियाकलालाई निषेध गरेको छ। सो ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ञ) मा **"कुनै पनि वस्तु वा सेवाको ढुवानी वा वितरणमा चक्र प्रणाली (Syndicate) लागू गर्ने गरी"** सम्झौता गर्न निषेध गरेको छ। यस दफा अन्तर्गत वस्तु वा सेवाको प्रत्यक्ष वा परोक्षरूपमा खरिद वा बिक्री मूल्य निर्धारण गर्ने, खरिद बिक्रीका सर्तहरू तोक्ने, बजार सिमित वा नियन्त्रण गर्ने आदि कुराहरूलाई निषेध गरिएको छ। सो ऐनको दफा ४ मा प्रभुत्त्वशाली हैसियतको दुरूपयोग गर्न रोक लगाएको छ। सो ऐनको दफा ५ मा प्रतिस्पर्धालाई नियन्त्रण गर्ने उद्देश्यले ‑तिष्ठान गाभिने वा मिल्ने कार्य गर्न रोक लगाएको छ। दफा ७ मा एकलौटी कारोबार (Exclusive Dealing) गर्न र दफा ८ मा बजार सिमित (Market Restriction) गर्ने गरी कारोबार गर्न निषेध गरिएको छ। त्यसैगरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६८ मा प्रतिस्पर्धात्मक रूपबाट यातायात सेवा सञ्चालन गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ। यसरी उपभोक्ता संरक्षण ऐन तथा प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐनले कुनै व्यक्ति वा प्रतिष्ठानले प्रतिस्पर्धा

सीमित वा नियन्त्रण गर्ने उद्देश्यले कुनै पनि वस्तु वा सेवाको ढुवानी वा वितरणमा चक्र प्रणाली (Syndicate) लागू गर्ने गरी सम्झौता गर्न एवं प्रतिस्पर्धालाई नियन्त्रण गर्ने उद्देश्यले प्रतिष्ठान गाभिने वा मिल्ने कार्यलाई निषेध गरेको छ।

७. यस्तै विषय समावेश रहेको निवेदक *अधिवक्ता ज्योति बानियाँ विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत* (ने.का.प. २०७४, अंक १२, नि. नं ९९२०) रहेको परमादेश विषयको निवेदनमा यातायातको क्षेत्रमा विभिन्न समस्या रहेको भन्ने निष्कर्ष निकाली यातायात क्षेत्रमा रहेका बेथिति र अव्यवस्थाको पहिचान गरी कानूनी, नीतिगत र व्यवस्थापकीय पक्षमा गर्नुपर्ने सुधारका विषयमा समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ अन्तर्गत उच्चस्तरीय आयोग गठन गर्न मिति २०७३।८।३० मा यस अदालतबाट परमादेश जारी भएको छ। त्यसैगरी रिट *निवेदक ज्योति बानियासमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (०६३-WO-०६७७) भएको उत्प्रेषण* समेत विषयको रिट निवेदनमा यस अदालतबाट एकाधिकार कायम हुने सिण्डिकेट, कार्टेलिङ्ग र त्यस्ता अन्य कुनै पनि कियाकलाप सञ्चालन नगर्नु, नगराउनु, सञ्चालन गर्न नदिनु भनी विपक्षीहरूको नाममा परमादेश जारी भएको छ। साथै रिट निवेदक *अधिवक्ता ज्योति बानियाँ विरूद्ध नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत* (ने.का.प. २०७४, अंक १२, नि. नं ९९२०) भएको परमादेश समेत विषयको निवेदनमा यातायात सेवा पनि उपभोक्ताले प्राप्त गर्ने एउटा सेवा रहेकोले सो सेवा पनि हरेक दृष्टिबाट गुणस्तरीय हुनु आवश्यक रहेको, सेवा गुणस्तरीय नभएमा सोको विरूद्ध उपचार खोज्ने र क्षतिपूर्तिसमेत पाउने हक हरेक उपभोक्तालाई रहने भन्ने यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको पाइन्छ। तसर्थ यातायात सेवालाई गुणस्तरीय र नागरिकलाई स्तरीय सिण्डिकेट र कार्टेलिङ्ग विनाको सेवा दिनुपर्ने दायित्वलाई अहम ठानी यस अदालतबाट पनि नेपाल सरकार तथा सम्बद्ध पक्षलाई निर्देशित गरेको देखियो।

२८. तसर्थ कुनै पनि वस्तु वा सेवाको सिण्डिकेट वा एकाधिकारले बजारमा रहेका अन्य सेवा प्रदायक निकायहरुका बिचको वस्तु तथा सेवाको उत्पादन र वितरणमा नियन्त्रण गर्ने र समग्र राष्ट्रिय अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पार्ने हुन्छ। एकाधिकारले प्रतिस्पर्धालाई समाप्त गर्छ, जसले गर्दा स्वतन्त्र बजार अर्थतन्त्रको (free market economy) मूल मर्मलाई नै कमजोर बनाउँछ। यसले व्यवसायिक बजारमा प्रतिस्पर्धाको प्रवर्द्धन र अर्थतन्त्रको दिगोपनमा बाधा पुऱ्याउँछ। यसले उपभोक्ताको गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार तथा उपभोक्ताको हितको रक्षा गर्न असक्षम हुन्छ र व्यापारको स्वतन्त्रतालाई अवरोध खड़ा गर्दछ। नेपाल बिश्व व्यापार संगठन (World Trade Organization) को सदस्य भएको परिप्रेक्ष्यमा समेत बजारमा गरिने अस्वस्थ्य प्रतिस्पर्धा, एकाधिकार जस्ता कुनै पनि स्वरूपलाई अन्त्य गर्न विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्न जरूरी हुन्छ।

कसैले सिण्डिकेट गरी कुनै यातायात व्यवसायी सञ्चालन गर्न नमिल्ने भनी उल्लिखित कानूनले निषेधित रहेको र अदालतबाट पनि सिण्डिकेट रोक्ने कार्य गर्न नदिने फैसला समेत भएको देखिएकोले त्यस्ता कानूनको प्रभावकारी कार्यन्वयन गर्नु गराउनु सम्बद्ध सबैको कर्तव्यको रूपमा रहेको देखियो।

२९. **कुनै संस्था वा प्रतिष्ठानले सिण्डिकेट (Syndicate) लागू गरेमा के कस्तो कारवाही हुन्छ** भन्ने सम्बन्धमा पनि छलफल गर्नुपर्ने देखियो। गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अपभोक्ताको संवैधानिक हकको संरक्षण तथा सम्बर्द्धन गर्न प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन,२०७३ को निर्माण भई लागू भएको देखिन्छ। सो ऐनले विभिन्न काम कारवाहीलाई कसूरको रूपमा परिभाषा गरी सजायको समेत व्यवस्था गरेको छ। सो ऐनको दफा १८ को खण्ड (क) मा **"कुनै व्यक्ति वा प्रतिष्ठानले प्रतिस्पर्धालाई नियन्त्रण गर्ने उद्देश्यले प्रतिष्ठान गाभिने वा मिल्ने गरी कुनै कार्य गरेमा त्यस्तो काम कारवाही बदर गरी त्यस्तो काम कारवाही गर्ने गराउने व्यक्ति वा प्रतिष्ठानलाई पाँच लाख रुपैयाँसम्म जरिबाना हुने"** भन्ने व्यवस्था रहेको छ। कुनै एकै प्रकृतिको सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठान एक आपसमा गाभिदा, मिल्दा, शेयर खरिद गर्दा वा टेक ओभर गर्दा त्यस्ता वस्तु वा सेवा नेपाल राज्यभित्र हुने कुल उत्पादन वा वितरणमध्ये चालीस प्रतिशतभन्दा बढी उत्पादन वा वितरण हुंने भएमा प्रतिस्पर्धा नियन्त्रण गर्ने उद्देश्यले प्रतिष्ठान गाभिएको, मिलेको वा टेकओभर गरेको हुने भनी त्यस्तो काम कारबाही गर्ने गराउने व्यक्ति वा प्रतिष्ठानलाई पाँच लाख रुपैयाँसम्म जरिबाना हुने व्यबस्था रहेको छ।

३०. त्यसैगरी वस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानबीच स्वच्छ प्रतिस्पर्धा कायम गराउन, बजारलाई अवाञ्छित रुपमा हस्तक्षेप हुनबाट संरक्षण प्रदान गर्न, एकाधिकार तथा नियन्त्रित व्यापारिक अभ्यासलाई नियन्त्रण गर्न, प्रतिस्पर्धी मूल्यमा वस्तु वा सेवा उपभोक्ता समक्ष पुर्याउने काममा प्रोत्साहन गर्न भन्ने समेतको उद्देश्यको लागि उपभोक्ता संरक्षण ऐन, २०७५ को निर्माण भई लागू भएको देखिन्छ। सो ऐनको दफा १८ को खण्ड (ङ) मा **"एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एकभन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलेमतोबाट चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा सञ्चालन गर्न नहुने"** भन्ने व्यवस्था रहेको छ। सो ऐनको दफा ३८ को खण्ड (झ) ले उल्लिखित कार्यलाई कसूरको रूपमा परिभाषित गरेको छ। उक्त ऐनको दफा ४० को खण्ड (ख) मा **"दफा ३८ को खण्ड (झ) बमोजिमको कसूर गरेमा तीन महिनादेखि एक बर्षसम्मको कैद वा एक लाख रूपैयाँदेखि तीन लाख रूपैयासम्म जरिवाना वा दुबै सजाय हुने"** भन्ने व्यवस्था रहेको छ। तसर्थ चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा सञ्चालन गरेमा सजायको समेत व्यवस्था रहेको देखियो।

३१. साथै, संस्था दर्ता ऐन २०३४ सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक,आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्नको लागि बनेको भन्ने सो ऐनको प्रस्तावनामा उल्लेख छ। सो ऐनले संस्था दर्ताको व्यवस्था गर्नुको साथै संस्थालाई कारवाही र सजायको समेत व्यवस्था गरेको छ। सो ऐनको दफा १२ को उपदफा (१) मा "दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही दुई हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ" भन्ने, उपधारा (२) मा "दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ। तर कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन।" भन्ने, उपदफा (३) मा "दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँचसय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ।" भन्ने व्यवस्था रहेको छ। त्यसैगरी सो दफा १२ को उपदफा (४) मा " दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ।" भन्ने व्यवस्था रहेको छ।

३२. उल्लिखित कानूनी व्यवस्था अनुसार प्रतिस्पर्धालाई नियन्त्रण गर्ने उद्देश्यले प्रतिष्ठान गाभिने वा मिल्ने गरी कुनै कार्य गरेमा, चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा सञ्चालन गरेमा, स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालन नगरेमा कुनै व्यक्ति वा प्रतिष्ठानलाई दर्ता खारेजसम्मको कारवाही गरी सजायको व्यवस्था रहेको देखिन्छ। यस्तो कानूनी दायित्व निर्बहन गर्ने कुरामा रिट निबेदक महासंघले प्रभावकारी तथा प्रतिस्पर्धी तरिकाबाट वस्तु र ढुवानी समेतको सेवा प्रवाह गरी सेवाग्राहीप्रति अझ बढी जिम्मेवार तथा जवाफदेही हुनुपर्ने देखिन्छ। यातायात क्षेत्रमा सुरक्षित स्वच्छ, स्वस्थ तथा प्रतिस्पर्धी ढंगबाट व्यवसाय सञ्चालन गरी कानून अनुरूप व्यवसाय सञ्चालन गर्नुपर्ने निवेदक समेत सम्बद्ध सबैको प्राथमिक दायित्व रहेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाको बर्खिलाप एकाधिकार वा अनुचित प्रतिस्पर्धा गर्ने, चक्र प्रणाली (Syndicate) स्थापना गर्ने समेतका अबाञ्छित क्रियाकलाप गरेमा निवेदक महासंघ लगायत जो कोहीलाई समेत कानून बमोजिम सजाय हुनुका अतिरिक्त दर्ता खारेजी हुन सक्ने देखिन्छ। तसर्थ निवेदक

ट्रक यातायात व्यवसायी महासंघ समेतले सिण्डिकेट प्रणाली लागू गरेको पुष्टि भएमा उल्लिखित व्यवस्था बमोजिम विभिन्न किसिमको सजाय समेत हुने भई प्रमुख जिल्ला अधिकारीले निवेदक संस्थाको दर्ता खारेज गर्ने सम्मको सजाय गर्न सक्ने देखियो।

३३. अब, **नेपाल ट्रक यातायात व्यवसायी महासंघले विधानमा उल्लिखित उद्देश्य अनुरूपको कार्य नगरेमा कसले के कस्तो कारवाही गर्न सक्छ?** भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखियो। सो सम्बन्धमा विचार गर्दा नेपाल ट्रक यातायात व्यवसायी महासंघ संस्था दर्ता ऐन अन्तर्गत दर्ता भएको संस्था रहेको भन्ने कुरामा विवाद देखिदैन्। संस्था दर्ता गर्नको लागि निश्चित उद्देश्य चाहिने भन्ने कुरा संस्था दर्ता ऐन २०३४ को दफा ४, ८,१२, १४ को उल्लिखित व्यवस्था समेतबाट प्रष्ट हुन्छ। महासंघको स्थापना कुनै निश्चित उद्देश्य प्राप्तिको लागि भएकोमा विवाद देखिदैन्। नेपालभित्र संचालित ट्रक तथा भाडामा चल्ने ढुवानीका सवारी साधनको हक हितको संरक्षण संबद्धन गर्दै विकास एवं विस्तार गर्नु महासंघको प्रमुख उद्देश्य रहेको भन्ने मिसिल संलग्न कागजात समेतबाट देखिन्छ। महासंघको कार्य सोही उद्देश्य प्राप्तिमा केन्द्रित हुन नितान्त जरूरी हुन्छ। संस्था दर्ता ऐन २०३४ को दफा १२ को उपदफा (४) मा **"दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ।"** भन्ने व्यबस्था रहेको छ। सो ऐनको दफा १४ मा संस्थाको विघटन र सो परिणाम सम्वन्धी व्यबस्था रहेको छ। सो दफा १४ को उपदफा (१) मा **"संस्थाको विधानबमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकारमा सर्नेछ।"** भन्ने व्यवस्था रहेको छ। तसर्थ संस्था दर्ता ऐन अन्तर्गत संस्थापना भएका संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा विधान बमोजिमको कार्य नगरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालना नगरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न वा विघटन गर्न सक्ने भन्ने देखिन आयो।

३४. उल्लिखित व्यबस्थालाई प्रस्तुत मुद्दाको तथ्यको रोहमा विश्लेषण गर्दा निवेदक महासंघ निर्धारित उद्देश्य प्राप्तिको लागि संस्था दर्ता ऐन अन्तर्गत संस्थापना भएको हुँदा ती उद्देश्यको विपरीत हुने गरी काम कारवाही गरेमा वा विधान बमोजिमको कार्य नगरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालना नगरेमा वा नेपाल कानून बर्खिलाप कुनै कार्य गरेमा प्रमुख जिल्ला अधिकारीले निवेदक महासंघ समेतको दर्ता निलम्वन गर्न वा खारेज गर्न वा विघटन गर्न सक्ने देखिन आयो।

३५. अब, **संस्था दर्ता ऐन अन्तर्गत स्थापित महासंघको खारेजी वा विघटन के कसरी हुन सक्छ** भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखियो। रिट निवेदक महासंघको नवीकरण र खारेजीको

कार्य गर्दा नेपाल सरकार, मन्त्रिपरिषद् र मन्त्रीस्तरीय बैठकले संस्था दर्ता ऐनको दफा ११ को प्रयोग गरी उक्त निर्णय गरेकोले सो कानून विपरित रहेको भन्ने लिखित जवाफमा उल्लेख गरेको देखिन्छ। संस्था दर्ता ऐन, २०३४ को दफा २(ख) ले व्यवस्था गरे बमोजिम नेपाल सरकारले स्थानीय अधिकारी तोकेको नदेखिदा यस ऐन बमोजिमको संस्थाको दर्ता, नियमन र खारेजीको अधिकार प्रमुख जिल्ला अधिकारीलाई मात्र रहेकोमा विवाद देखिदैन्। निवेदक महासंघ संस्था दर्ता ऐन, २०३४ अन्तर्गत प्रमुख जिल्ला अधिकारीको निर्णयले दर्ता भएको यातायात समिति रहेको भन्ने मिसिलबाट देखिन्छ। संस्था दर्ता ऐन, २०३४ को दफा ११ मा "ऐन अन्तर्गत दर्ता रहेका संस्थालाई नेपाल सरकारले आवश्यक निर्देशन दिन सक्नेछ" भन्ने व्यवस्था रहेको छ। यस ऐनले नेपाल सरकारले संस्थाको सञ्चालन र काम कारवाहीमा सुधार गर्न आवश्यक निर्देशन दिनसक्ने देखियो। सो ऐनको दफा १२ को उपदफा (४) मा "दफा ८ बमोजिम स्थानीय अधिकारीले स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ" भन्ने व्यवस्था रहेकोले यस ऐनबमोजिम संस्थाको दर्ता र खारेज गर्ने पूर्ण अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई रहने गरी प्रस्तुत ऐनले व्यबस्था गरेको देखिन आयो। निवेदक महासंघ अविच्छिन्न अधिकारवाला छुट्टै कानूनी व्यक्ति रहेको हुँदा जुन ऐन अन्तर्गत दर्ता भएको हो सोही ऐनले नै संस्थाको विघटन वा खारेजी हुनसक्ने सर्त र अवस्था निर्धारण गरी खारेज गर्ने अधिकारी तोकेको देखिदा संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएका निवेदक महासंघ जस्ता संस्थाको दर्ता खारेजी वा विघटनको कार्य प्रमुख जिल्ला अधिकारीबाट मात्रै हुनपर्नेमा सोको विपरित सो ऐनले अधिकार प्रदान नगरिएका क्षेत्राधिकारविहिन मन्त्रिपरिषद्, मन्त्रालय वा मन्त्री समेतका अन्य अधिकारी वा निकायबाट हुन सक्ने भन्ने कानूनतः देखिएन।

३६. नेपाल सरकारको निर्णयबाट संघसंस्थाको चल अचल सम्पत्ति नेपाल सरकारको मातहतमा जान सक्दछ वा सक्दैन? भन्ने सम्बन्धमा विचार गर्नु पर्ने देखियो। नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (च) अनुसार कुनै पनि व्यक्तिलाई पेशा, व्यवसाय गर्न पाउने स्वतन्त्रताको हक र धारा २५ बमोजिमको सम्पत्तिको हकमा आघात पुग्ने गरी कानून विपरीत महासंघको नवीकरण समेत नगरी निवेदक महासंघ र यतायात समिति अन्तर्गत रहेको सम्पत्ति जफत गर्ने गरी बैंक खाता रोक्का गरिएको कार्य गैरकानूनी रहेको भन्ने निवेदन जिकिर रहेको देखिन्छ। सो सम्बन्धमा विचार गर्दा नेपालको संविधानको धारा १७ को उपधारा (१) को खण्ड (च) मा "नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुने छ" भन्ने व्यवस्था रहेको छ। संविधानको उक्त धारामा गरिएको व्यवस्थाको अधिनमा रही पेशा,

व्यवसाय गर्न पाउने अधिकार संविधानतः कानुनी व्यक्तिलाई पनि संरक्षित रहेको देखिन्छ। संविधानले प्रत्याभूत गरेको पेशा, व्यवसाय सञ्चालन गर्न संस्था दर्ता ऐनबमोजिम निवेदक महासंघ दर्ता गरी सेवा दिँदै आएको अवस्था देखिन्छ। त्यसैगरी नेपालको संविधानको धारा २५ को उपधारा (१) मा **कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने** हक प्रत्याभूत गरिएको छ। सो धारा २५ को उपधारा (२) मा "**सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन**" भन्ने व्यवस्था रहेको छ। साथै संस्था दर्ता ऐन २०३४ को दफा ५ को उपदफा (२) मा "**संस्थाले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ।**" भन्ने व्यवस्था छ। निवेदक महासंघ संस्था दर्ता ऐन २०३४ अन्तर्गत प्रमुख जिल्ला अधिकारीको निर्णयले दर्ता भएको यातायात समिति रहेकोले निवेदकले चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचविखन गर्न सक्ने देखियो। तसर्थ उल्लिखित व्यवस्था अनुसार कुनै पेशा, व्यवसाय गर्न कानूनबमोजिम अनुमति प्राप्त भई सो पेशा, व्यवसायवाट प्राप्त सम्पत्ति जफत गर्दा कानून बमोजिम मात्र हुन सक्दछ।

३७. प्रस्तुत सन्दर्भमा संस्था दर्ता ऐन २०३४ को दफा १४ मा संस्थाको विघटन र त्यस्को परिणामको बारेमा रहेको व्यबस्था अवलोकन गर्नु सान्दर्भिक देखियो। उक्त दफा १४ मा उपदफा (१) मा "**संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकारमा सर्नेछ।**" भन्ने व्यबस्था रहेको छ। उक्त व्यबस्था अनुसार संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएको कुनै संस्था आफ्नो विधान अनुकूल कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणले विघटन भएमा त्यस्तो संस्थाको सम्पत्ति नेपाल सरकारमा सर्ने भन्ने देखियो। त्यसैगरी सो ऐनको दफा ११ मा "**नेपाल सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।**" भन्ने व्यवस्था रहेको छ। ऐनको दफा १२ को उपदफा (४) मा "**प्रमुख जिल्ला अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्ने**" भन्ने व्यवस्था रहेको छ।

३८. उल्लिखित व्यबस्था अनुसार संस्था दर्ता ऐन २०३४ को दफा ११ अनुसार सरकारले दिएको निर्देशन पालना गर्नु निवेदक महासंघ समेतका संस्थाको कर्तव्य रूपमा रहेको, प्रमुख जिल्ला अधिकारीको अनुमति नलिई संस्था गाभेमा, आफ्नो उद्देश्य प्रतिकुल कार्य गरेमा, नेपाल सरकारले दिएको निर्देशन पालना नगरेमा प्रमुख जिल्ला अधिकारीले ऐनको

दफा १२ बमोजिम कुनै संस्थाको दर्ता खारेज गर्न सक्ने र दर्ता खारेज भएको संस्थाको सम्पत्ति नेपाल सरकारमा सर्ने भन्ने देखियो।

३९. साथै विधि प्रक्रिया (Due Process) विना कसैलाई पनि कुनै कारवाही गर्न मिल्दैन। तसर्थ कानूनले प्रष्टरूपमा नियमन अधिकारी तोकेको अवस्थामा सो नियमन अधिकारी बाहेकका अन्य कसैले गर्ने कार्य कानूनी शासन (Rule of law) अनुकूलको नहुने र त्यस्तो कार्यले वैधानिकता प्राप्त गर्न नसक्ने हुन्छ। नेपाल सरकारले सिन्डिकेटमा कारबाही गर्ने हो भने पनि सम्बन्धित ऐन बमोजिम नै काम गर्नुपर्दछ। कानूनले तोकेको कार्यविधि पूरा गरी स्थापना भएको संगठित संस्थालाई कानूनमा निर्धारित विधि र प्रक्रिया अवलम्बन गरी कानूनबमोजिम मात्र खारेज वा विघटन गर्न मिल्ने र सम्पत्ति जफत गर्ने हुन्छ। त्यसैगरी संस्थालाई निर्देशन दिन सक्ने अधिकारभित्र संस्थाको नवीकरण गर्न इन्कार गर्ने वा खारेजी वा विघटन गर्ने सम्पत्ति जफत गर्ने अधिकार समेत निहित रहेको भनी अनुमान गर्न मिल्ने देखिएन।

४०. कुनै व्यक्ति वा संस्थाको विरुद्ध कुनै निर्णय गर्दा त्यस्तो व्यक्ति वा संस्थालाई आफ्नो कुरा भन्ने अवसर प्रदान गर्नुपर्छ। सुनुवाईको मौका प्रदान नगरी गरिएको निर्णय प्रकृतिक न्यायको सिद्धान्त विपरित हुन्छ। नेपाल सरकार, मन्त्रिपरिषद् एवं गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मन्त्री स्तरीय निर्णय गर्दा निवेदक महासंघलाई सुनुवाईको अवसर प्रदान गरेको भन्ने लिखित जवाफ एवं मिसिलबाट देखिंदैन। कानूनतः कुनै कानूनको आधार नलिई सुनुवाईको मौका नदिई नेपाल सरकारले गरेको निर्णयको आधारमा निवेदक संस्था समेतको चल अचल सम्पत्ति नेपाल सरकारमा सर्ने वा निवेदकको सम्पत्ति जफत गर्ने वा निवेदकको बैंक खाता रोक्का गर्ने भन्ने निर्णय नेपाल सरकारले गर्न सक्ने भन्ने देखिएन। त्यस्तो निर्णय गर्नुको कानूनी आधार र कारण लिखित जवाफमा प्रष्ट रूपमा उल्लेख भएको समेत देखिएन। तसर्थ उक्त विवादको निर्णय नेपालको संविधान, संस्था दर्ता ऐन एवं प्रकृतिक न्यायको सिद्धान्त अनुकुल रहेको भन्ने देखिन आएन।

४१. अब **निवेदन माग बमोजिमको आदेश जारी हुने हो वा होइन्?** भन्ने सम्बन्धमा विचार गर्नु पर्ने देखियो। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।१।४ को **यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाको दर्ता तथा नवीकरण नगर्ने** भन्ने निर्णय र सो निर्णयको आधारमा भएको गृह मन्त्री र भौतिक पूर्वाधार तथा यातायात मन्त्री समेतको बैठकबाट भएको मिति २०७५।३।३१ को **निवेदक नेपाल ट्रक यातायात व्यवसायी महासंघ समेतको दर्ता प्रमाणपत्र नवीकरण नगर्ने, दर्ता खारेज गर्ने र सो संस्थाको सम्पत्ति जफत गर्ने लगायतका निर्णय र सोसँग सम्बन्धित परिपत्र** समेतका काम कारवाही एवं **यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधित)** को दफा ९.७ को व्यबस्था समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ भन्ने निवेदन जिकिर अनुसार गर्नु पर्ने हो वा होइन भन्ने प्रश्नमा विचार गर्दा, यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधित) को दफा ९.७

कानून विपरित रहेकोले बदर गरिपाऊँ भन्ने निवेदन जिकिरको सम्बन्धमा विचार गर्दा यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधित) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १३ र सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ बमोजिम सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने मुख्य उद्देश्य राखी सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलब्ध गराउनका लागि यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउने भूमिकालाई सरल, व्यवस्थित तथा पारदर्शी सेवा प्रवाह गर्नका लागि यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी यातायत व्यबस्था बिभागले लागू गरेको भन्ने देखिन्छ। सो निर्देशिकाको दफा ९.७ मा यातायात सेवाको नाम पञ्जीकृत गर्ने सम्बन्धी कार्यविधि रहेको छ। सो कार्यविधिले निवेदकको के कस्तो हक के कसरी हनन गर्यो भन्ने निवेदनमा प्रष्ट रूपमा उल्लेख भएको देखिदैन्। सो निर्देशिकाको दफा ९.७ को व्यबस्था यातायात क्षेत्रलाई अझ व्यबस्थित गरी सर्बसाधारण जनतालाई सरल, सुलभ र प्रभावकारी रूपमा यातायात सेवा प्रवाह गर्नको लागि यातायात सेवा प्रदायक संस्थाको नाम पञ्जीकृत गर्ने सम्बन्धी कार्यविधिको व्यबस्था देखिँदा उपरोक्त व्यवस्था प्रणाली स्थापना कै निमित्त हुँदा सो निर्देशिकाको दफा ९.७ लाई अन्यथा गर्नुपर्ने देखिएन।

४२. अन्य जिकिरको हकमा माथि प्रकरणमा उल्लिखित तथ्य, कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त एवं विवेचना समेतको आधारमा कानूनले तोकेको कार्यविधि पूरा गरी कानूनद्वारा स्थापना भएको संगठित संस्था (छुट्टै कानूनी व्यक्ति) लाई कानूनमा निर्धारित विधि र प्रक्रिया अवलम्बन गरी कानूनबमोजिम प्रमुख जिल्ला अधिकारीले मात्र खारेज वा विघटन गर्न मिल्ने हुन्छ। नेपाल सरकारले नियमित प्रकृतिको काम गर्दा संस्था दर्ता ऐन अन्तर्गत संस्थालाई निर्देशन दिन सक्ने अधिकारभित्र संस्थाको नवीकरण गर्न इन्कार गर्ने वा खारेजी वा विघटन गर्ने अधिकार समेत निहित रहेको भनी अनुमान गर्न मिल्ने देखिएन। सिण्डिकेट गरी व्यवसाय गरेको देखिएमा कारवाहीका अन्य व्यबस्था समेत रहेको सन्दर्भमा निवेदक महासंघलाई सुनुवाईको मौका समेत नदिई भएको अधिकारक्षेत्रविहिन रूपमा भएको विवादको निर्णय कानूनसम्मत देखिएन।

४३. अतः सिण्डिकेट/कार्टेलिङ्ग गरेका वा नेपाल सरकारको निर्देशन, अदालतको आदेश नमानेमा कानून बमोजिम कानूनी अख्तियार भएको निकायबाट कारबाही हुन सक्ने नै देखियो तर निवेदक नेपाल ट्रक यातायात व्यवसायी राष्ट्रिय महासंघ संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भई अस्तित्वमा रहेको देखिएकोमा सो ऐन अन्तर्गत दर्ता रहेको संस्थाको नवीकरण गर्ने र खारेज गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई मात्र रहेको अवस्थामा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।१।४ को यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाको दर्ता तथा नवीकरण नगर्ने भन्ने निर्णय र सो निर्णयको आधारमा गृह मन्त्री र भौतिक पूर्वाधार तथा यातायात मन्त्री समेतको वैठकबाट भएको मिति २०७५।३।३१

को निवेदक नेपाल ट्रक यातायात व्यवसायी महासंघ, समेतको दर्ता प्रमाणपत्र नवीकरण नगर्ने, दर्ता खारेज गर्ने र सो संस्थाको सम्पत्ति जफत गर्ने लगायतका निर्णय र सोसँग सम्बन्धित परिपत्र समेतका काम कारवाही कानूनसम्मत नदेखिएकोले उक्त निर्णयहरू र सो निर्णय कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदक नेपाल ट्रक यातायात व्यवसायी महासंघ समेतको निवेदक संस्थाको दर्ता प्रमाणपत्र कानून बमोजिम नवीकरण गरी सम्पत्ति जफत गर्ने निर्णय भएको निवेदक समेतको सम्पत्तिको रोक्का फुकुवा गर्नू भनी विपक्षीहरूको नाममा परमादेश समेत जारी हुने ठहर्छ। प्रस्तुत आदेशको प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई दिनू। प्रस्तुत आदेश यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी, निवेदन दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

सपना प्रधान मल्ल
न्यायाधीश

उक्त रायमा म सहमत छु।

बालकृष्ण ढकाल
न्यायाधीश

इजलास अधिकृतः शम्भुप्रसाद रेग्मी
कम्प्युटर अपरेटरः चन्द्रावती तिमल्सेना
ईन्टर्नः दिवसा आचार्य, सुशान्त मिश्र
**इति संवत् २०८० चैत्र २० गते रोज ३ शुभम्-------------------------------------।**